# २०८१ भदौ ६ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| 1 | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०८१ भदौ ११ देखि १३ गतेसम्म उज्वेकिस्तान मा आयोजना हुने Multi-Dimensional Poverty Peer Network सम्बन्धी बैठकमा सहभागी हुन राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षलाई स्वीकृति प्रदान गर्ने। |
| 2 | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | नेपाल आयल निगम लिमिटेडलाई जितपुर सिमरा उपमहानगरपालिकामा करिब ५ बिघा जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने। |
| 3 | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | राष्ट्रिय सहकारी विकास बोर्डको रिक्त सदस्य-सचिव पदमा डा. खगराज शर्मा, रुपन्देहीलाई नियुक्त गर्ने। |
| 4 | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | २०८१ कात्तिक २२ देखि २४ सम्म कोलम्बियाको बोगोटामा आयोजना हुने First Global Ministerial Conference on Ending Violence Against Children मा सहभागी हुन माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीलाई स्वीकृति प्रदान गर्ने। |
| 5 | रक्षा मन्त्रालय | काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनालाई मकवानपुर जिल्लामा करिब ३३९७५ वर्ग मिटर जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने। |
| 6 | वन तथा वातावरण मन्त्रालय | २०८१ भदौ २७ र २८ मा ब्राजिलमा आयोजना हुने One Planet Network Forum, 2024 कार्यक्रममा सहभागी हुन माननीय वन तथा वातावरण मन्त्रीलाई स्वीकृति प्रदान गर्ने। |
| 7 | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ललितपुर महानगरपालिकालाई गणतन्त्र कोरियाको चिवर-गुन नगरसँग भगिनी सम्बन्ध स्थापना गर्न पूर्वस्वीकृति प्रदान गर्ने। |
| 8 | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सामाजिक सञ्जालको रूपमा प्रयोग भैरहेको टिकटकको प्रयोगमा लगाइएको रोक तोकिएका शर्तहरू पालना गर्नेगरी हटाउने। |
| 9 | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | विज्ञापन बोर्ड र सुरक्षण मुद्रण केन्द्रमा गरी आ.व. २०८१/८२ का लागि १६ अधिकृतस्तरको अस्थायी दरबन्दी सिर्जना गर्न स्वीकृति दिने। |